बैठक संख्याः १/२०८२/०८३

मितिः २०८२/०४/२९

समयः दिउँसो १:०० बजे

स्थानः भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक कक्ष

भूमे गाउँपालिकाका अध्यक्ष श्री होम प्रकाश श्रेष्ठज्यूको अध्यक्षता र देहायका कार्यपालिका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी पेश भएका प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थितिः

| क.सं. | दस्तखत | नाम थर | पद | कार्यालय |
|---|---|---|---|---|
| १ | | होम प्रकाश श्रेष्ठ | अध्यक्ष | गाउँ कार्यपालिकाको कार्यालय |
| २ | | सविना बुढा | उपाध्यक्ष | गाउँ कार्यपालिकाको कार्यालय |
| ३ | | मनकाजी पुनमगर | वडा अध्यक्ष | १ नं. वडा कार्यालय |
| ४ | | नारायण पुनमगर | वडा अध्यक्ष | २ नं. वडा कार्यालय |
| ५ | | प्रशुराम बुढा | वडा अध्यक्ष | ३ नं. वडा कार्यालय |
| ६ | | श्याम प्रसाद बुढा | वडा अध्यक्ष | ४ नं. वडा कार्यालय |
| ७ | | टेक प्रसाद बुढा | वडा अध्यक्ष | ५ नं. वडा कार्यालय |
| ८ | | विक्रम पुन मगर | वडा अध्यक्ष | ६ नं. वडा कार्यालय |
| ९ | | संगम रोका | वडा अध्यक्ष | ७ नं. वडा कार्यालय |
| १० | | दिनेश रोका | वडा अध्यक्ष | ८ नं. वडा कार्यालय |
| ११ | | विनोद बुढा | वडा अध्यक्ष | ९ नं. वडा कार्यालय |
| १२ | | सुनकुमारी रोका | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १३ | | भिमला वि.क. | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १४ | | फोमली बुढा | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १५ | | भारती नेपाली | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १६ | | भागिलाल दमाई | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १७ | | जीत बहादुर कामी | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १८ | | देविलाल बिक | प्रमुख प्रशासकीय अधिकृत/ सचिव | गाउँ कार्यपालिकाको कार्यालय |

अन्य

| | | | |
|---|---|---|---|
| | | प्रेम प्रसाद भट्टराई | |
| | | ~~कौशल कुमार तिवारी~~ | |
| | | चेतन बुढा मगर | |

जनक ओली

हेन्द्र बि. ओली

<u>भूमे गाउँपालिका, रुकुम (पूर्व)</u>

<u>बैठक सं. ९/०८२-८३ मिति २०८२/०४/२१ को कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त व्यहोरा किताब</u>

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
स्याउलिबाङ, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल
२०७३

<u>निर्णय नं. १:</u>

आर्थिक वर्ष २०८१/८२ को सेवा प्रवाह र विकास निर्माण गतिविधि सम्वन्धमा विषयगत शाखा तथा कर्मचारीहरुसंग समीक्षा गरियो । अघिल्लो आर्थिक बर्षको कार्यसम्पादनलाई पाठ तथा मार्गदर्शनको रुपमा लिँदै चालु आर्थिक वर्षको वार्षिक कार्यसम्पादनलाई प्रभावकारी बनाउन वार्षिक खरिद योजना तथा कार्यतालिका/कार्यपात्रो तयार गरी अनिवार्य पालाना गर्ने निर्णय गरियो।

<u>निर्णय नं. २:</u>

चालु आर्थिक बर्षको वार्षिक कार्यक्रम कार्यान्वयनका लागि वार्षिक खरिद योजना स्वीकृत गरी खरिद गुरुयोजनालाई प्रभावकारी कार्यान्वयन गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ३:</u>

गाउँपालिकाको वार्षिक कार्यक्रम कार्यान्वयन तथा लक्ष्य प्राप्तिका लागि पालिकाको समग्र कार्यप्रणालीलाई थप व्यवस्थित र प्रभावकारी बनाउन अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत बीच कार्यसम्पादन करार सम्झौता गरी सोही आधारमा प्रमुख प्रशासकीय अधिकृत र बिषयगत शाखा/कार्यालय प्रमुखबीच कार्यसम्पादन करार सम्झौता गर्ने निर्णय सर्वसम्तीमा गरियो ।

<u>निर्णय नं. ४:</u>

भूमे गाँउपालिकाको गुरुयोजना तथा प्रथम आवधिक योजनाको लक्ष्य प्राप्तिको लागि गाँउपालिकामा हाल आयोजना बैंकलाई वस्तुगत बनाउन सबै वडा कार्यालयहरुको आयोजना तथा कार्यक्रमको यकिन तथा पहिचान गरी निर्धारित ढाँचामा वि.स. २०८२ भाद्र महिनाभित्र प्रशासन, योजना तथा अनुगमन शाखामा पेश गरिसक्ने र असोज मसान्तभित्र कार्यक्रम आयोजना बैंक व्यवस्थापन प्रणालीमा अध्यावधिक गरी स्वीकृत गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ५:</u>

भूमे गाँउ कार्यपालिका कार्यालय र ठानी/नहकली/तरुल जे.भि. जाजरकोटबिच वडा नं ९ मा निर्माणाधिन ५ शैय्या अस्पतालको अन्य पुर्वाधार निर्माण ठेक्का नं. EGP/BRMO/NCB/SCH/W-18/2079/2080 को लागि २०८०-७-२२ मा सम्झौता भई २०८१-२-१० मा सम्पन्न गर्नुपर्नेमा आयोजनामा बजेट व्यवस्थापनमा समस्या भएकोले आयोजना सम्पन्न मितिमा २०८३ असार मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो।

<u>निर्णय नं. ६:</u>

संघीय सरकारबाट भूमे गाउँपालिकाको लागी स्वीकृत दरबन्दी तेरिज, भूमे गाउँपालिकाले आफुलाई आवश्यक पर्ने संगठन स्वरुप र कर्मचारी दरबन्दीको विश्लेषण सहित परामर्शदाताबाट तयार पारिएको भूमे गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन,२०८१ लाई लुम्बिनी प्रदेशको स्थानीय निजामती सेवा ऐन, २०८१ तथा लुम्बिनी प्रदेशको स्थानीय तहको नियमावली, २०८२ बमोजिमको पदनाम, तह र श्रेणी अनुसार संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन तयार तथा परिमार्जन गर्नका लागि भूमे गाउँपालिका र स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान संग सम्झदारी पत्रमा हस्ताक्षर गर्ने निर्णय सर्वसम्मतिमा गरियो ।

निर्णय प्रमाणित गर्दछु
मिति :

## निर्णय नं. ७:

प्रदेश लोक शेवा आयोग चं.नं. १८ मिति २०८२।०४।०६ को पत्र अनुसार संघीय मामला तथा सामान्य प्रशासन मन्त्रालयबाट भूमे गाउँपालिकाको लागि स्वीकृत गरिएको दरवन्दी तेरिज अनुसार भूमे गाउँकार्यपालिकामा देहायका पदहरु रिक्त भएको हुदाँ रिक्त पदहरुको माग आकृती फाराम भरी प्रदेश लोक शेवा आयोग समक्ष माग गर्ने निर्णय गरियो ।

तपशिल

| क.सं. | पद | तह | सेवा | समुह | स्वीकृत दरवन्दी | रिक्त दरवन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ईन्जिनियर | ७/८ | सिभिल | | १ | १ | मिति २०८०।०२।१९ को पत्रवाट प्रदेश लोक शेवा आयोगमा माग गरिएको |
| २ | अधिकृत | ६/७ | प्रशासन | | १ | १ | मिति २०८०।०२।१९ को पत्रवाट प्रदेश लोक शेवा आयोगमा माग गरिएको |
| ३ | अधिकृत | ७/८ | कृषी | | १ | १ | मिति २०८०।०२।१९ को पत्रवाट प्रदेश लोक शेवा आयोगमा माग गरिएको |
| ४ | अधिकृत | ७/८ | पशु | | १ | १ | मिति २०८०।०२।१९ को पत्रवाट प्रदेश लोक शेवा आयोगमा माग गरिएको |
| ५ | सहायक | ५ | प्रशासन | | ८ | २ | रिक्त मध्ये १ बढुवाको लागि छुट्याईएको |
| ६ | सव ईन्जियर | ५ | सिभिल | | ५ | १ | |
| ८ | अ.स.ई. | ४ | सिभिल | | ६ | २ | |
| ९ | अनमि/सिअनमि | ४/५/६ | स्वास्थ्य/पहेन/अनमी | | | २ | |

## निर्णय नं. ८:

संघीय सरकारबाट निर्मित गुयोजनाका आधारमा स्थानीय तहको साझेदारीमा विद्यालयको भौतिक निर्माण अनुदान शीर्षकमा आ.व. २०८२।२०८३ मा भूमे गाउँपालिकालाई प्राप्त १,३०,००,०००-।तथा गाउँपालिकावाट बिनियोजित रु ७०,००,००,०००।-, केन्द्रबाट छनोट भएका नमुना विद्यालय, विशेष विद्यालयको स्वीकृत गुयोजना अनुपभौतिक पूर्वाधार विकास तथा प्राविधिक धारका विद्यालयलाई ल्याब व्यवस्थापन अनुदान शीर्षकमा रु १,००,००,०००, प्रदेश समपुरक अन्तर्गत १,०८,००,००० जनजागृती मा.वि. विद्यालय निर्माण तथा प्रदेश शसर्त अनुदानबाट जनशक्ति मा.वि. ४ कोटे भवन निर्माण भूमे ४ काँडा रुकुम पूर्वलाई प्राप्त रु ५०,००,००० तथा भूमे गाउँपालिकामा सञ्चालित १ मा.वि. मा छात्रावास निर्माणको लागि प्राप्त रु २०,००,०००।– बाट तपशिल विवरण भएको निध्यालयहरु निर्माण गर्ने निर्णय गरियो ।

तपशिल

| क.सं. | शैक्षिक संस्थाको नाम | ठेगाना | लागत अनुमान | कैफियत |
|---|---|---|---|---|
| १ | श्री जनशक्ति मा.वि. | भूमे-४, काँडा | ५०,००,०००।- | नव निर्माण |
| २ | श्री जनजागृति मा.वि. | भूमे-६, महत | १,०८,००,०००।- | नव निर्माण |
| ३ | नेपाल राष्ट्रिय मा.बि. | भूमे-९,चुक्वाङ | १,००,००,०००।- | निर्माणाधिन सम्पन्न |
| ४ | शिद्धचौर मा.बि. | भूमे-१,लुगुम | २०,००,०००।- | छात्रावास |
| ५ | श्री जनता आ. बि. | भूमे-५ सेरावाङ | | निर्माणाधिन सम्पन्न |
| ६ | हिमालय आ.बि. | भूमे-२, गाबाङ | | निर्माणाधिन सम्पन्न |
| ७ | श्री चैतेछहरा आ. बि. | भूमे-९, पेदीधर्मशाला | | निर्माणाधिन सम्पन्न |

निर्णय प्रमाणित गर्दछु ।
हस्ताक्षर:
मिति : २०८२।०४।२१
पद :

| | | | | |
|---|---|---|---|---|
| ८ | श्री जनज्योती आ. वि. | भूमे-७, धर्मशाला | | निर्माणाधिन सम्पन्न |
| ९ | त्रिभुवन मा.वि. | भूमे-२,खावाङ | | नव निर्माण |
| १० | श्री भूमे आ. वि | भूमे-१, रुजिखोला | | निर्माणाधिन सम्पन्न |
| ११ | श्री श्री मा.वि., कुचिवाङ | भूमे-८, कुचिवाङ | | निर्माणाधिन सम्पन्न |

## निर्णय नं. ९:

हालैका दिनहरुमा अविरल वर्षाको कारणले गाउँपालिकाको विभिन्न अन्तर्गतका बिभिन्न वडाहरुमा विपदजन्य घटनाबाट प्रभावित तपशिल विवरण भएको व्यक्तिहरुलाई भूमे बिपद व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन निर्देशिका, २०७४ अनुसार भूमे गाउँपालिकाको आकश्मिक खाताकोषबाट राहर नगद रकम तथा क्षतीको प्राविधिक मूल्याङ्कन अनुसारको ग्याबिन जाली उपलब्ध गराउने निर्णय सर्वसम्तिमा गरियो ।

तपशिल

| क्र.सं. | लाभग्राहीको नामथर | ठेगाना | अनुमानित क्षती | राहत रकम/सामान |
|---|---|---|---|---|
| १ | राम प्रसाद बुढा | भूमे-८, दोमई | १,००,०००।- | १०,५०० ।- |
| २ | धनमाया बुढा | भूमे-८, कुचिवाङ | | |
| ३ | भीउमती बुढा | भूमे-८, पैसावाङ | | |
| ४ | खट्के ओली | भूमे-८ | २,५०,०००।- | १०,५००।- |
| ५ | श्री जनज्योती आधारभुत विध्यालय | भूमे-७, धर्मशाला | | |
| ६ | जीत प्रसाद बुढा | भूमे- ६ | ५०,०००।- | ५,०००।- |
| ७ | सुदिप बुढा | भूमे -६ | ५०,०००।- | ५,००० ।- |
| ८ | बिशाल बुढा | भूमे-६ | १,००,०००।- | १०,५००।- |
| ९ | चन्द्र कुमार बुढा सहित ११ जना | भूमे-७ | ५,००,०००।- | १५,०००।- |
| १० | रबिन बुढा | भूमे-४ | | |
| ११ | सुर्जी रोका | भूमे-७ | १,००,०००।- | १०,५०० ।- |
| १२ | कर्ते रोका | भूमे-७ | ७०,०००।- | ७,५००।- |
| १३ | फर्के रोका | भूमे-७ | ५०,०००।- | ५,०००।- |
| १४ | साउने रोका | भूमे-७ | १२,५०,०००।- | १६,५००।- |

निर्णय प्रमाणित गर्दछु ।
हस्ताक्षर:
मिति : २०८२।०८।२५
पद :

भूमे गाउँपालिका, रुकुम (पूर्व)

बैठक सं. १/०८२-८३ मिति २०८२।०४।२१ को कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त व्यहोरा किताब

निर्णय नं. १०:

भूमे गाउँपालिकाको स्लेट ढुङ्गा, ढूङ्गा, गिट्टी, वालुवा उत्खनन् बिक्री तथा अस्थाई क्रसर संचालन कार्यविधि, २०८२ लाई स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णयमा फरक मतको अभिलेख

| प्रस्ताव नं. | फरक मत राख्ने सदस्यको नाम र पद | फरक मतको बेहोरा | कैफियत |
|---|---|---|---|
| | | मत फरक नपरेको । | |

निर्णय प्रमाणित गर्दछु ।

हस्ताक्षर:

मिति : २०८२।०४।२१

पद :